सात्पासिलिछो गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय भोजपुर कोशी प्रदेश नेपाल

गाउँकार्यपालिका बैठक संख्या ०६/०८१।८२

आज मिति २०८१ माघ २४ गते, नेपाल सम्बत ११४५ सिल्लाथ्व ९ बिहीबारका दिन वि । ११:०० बजे गाउँपालिका अध्यक्ष श्री दौलथ कुलुङ ज्यूको अध्यक्षतामा देहाय बमोजिम उपस्थितीमा कार्यपालिका बैठक सम्पन्न भयो ।

उपस्थिती

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दौलथ कुलुङ | अध्यक्ष | |
| २ | श्री अस्मिता कुलुङ | उपाध्यक्ष | |
| ३ | श्री गणेश बुढाथोकी | वडाध्यक्ष वडा नं. १ | |
| ४ | श्री गणेश खत्री | वडाध्यक्ष वडा नं. २ | |
| ५ | श्री विनोद राई | वडाध्यक्ष वडा नं. ३ | |
| ६ | श्री संजय राई | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | श्री शिवकुमार राई | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | श्री विक्रम बन सन्यासी | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | श्री सुरज राई | कार्यपालिका सदस्य | |
| १० | श्री दिल कुमार राई | कार्यपालिका सदस्य | |
| ११ | श्री निमदिकी शेर्पा | कार्यपालिका सदस्य | |
| १२ | श्री देशमाया दर्जी | कार्यपालिका सदस्य | |
| १३ | श्री कलावती राई | कार्यपालिका सदस्य | |
| १४ | श्री उर्मिला विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १५ | श्री बुनु राई | सचिव | |

अन्य उपस्थिति

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| २ | श्री केशव सापकोटा | लेखा प्रमुख | |
| ३ | श्री मणिकुमार श्रेष्ठ | सहायक कम्प्युटर अपरेटर माइनेट लेखन | |

अनुसुची -१

**प्रस्तावको ढाँचा**

(बुंदा ५.२ संग सम्बन्धित)

**साल्पासिलिछो गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**भोजपुर, कोशी प्रदेश, नेपाल**

**विषय: बैठकमा प्रशताव पेश गरिएको सम्बन्धमा ।**

**प्रशताव पेश गर्न अध्यक्षबाट स्वीकृती प्राप्त मिति २०८१।१०।२४**

**प्रस्ताव नं १,** हिउँदे गाउसभा सम्बन्धमा ।

**प्रस्ताव नं २,** हिउँदे गाउँसभामा विनियोजन हुने बजेट सम्बन्धमा ।

**प्रस्ताव नं ३,** ईन्धनको अपुग बजेट सम्बन्धमा ।

**प्रस्ताव नं ४,** राजश्वका दररेट शंसोधन सम्बन्धमा ।

**प्रस्ताव नं ५,** सार्वजनिक सुनुवाइ सम्बन्धमा ।

**प्रस्ताव नं ६,** विपद् व्यवस्थापनको नपुग बजेट तथा विपन्न सहायता सम्धन्धमा ।

**प्रस्ताव नं ७,** योजना तथा आयोजनाको शिर्षक परिवर्तन गर्ने सम्बन्धमा ।

**प्रस्ताव नं ८,** कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धमा ।

**प्रस्ताव नं ९,** प्रशासनिक भवन अगुग रकम सम्बन्धमा ।

**प्रस्ताव नं १०,** याक्सा नागदह मोटरएवल पुल निर्माणका लागि श्री Bikash and Brothers/Aatreya/Saras J.V. नयाँ बानेश्वर काठमाण्डौसंग भएको ठेक्का सम्झौता सम्बन्धमा ।

**प्रस्ताव नं ११,** एम्बुलेन्स माग सम्बन्धमा ।

**प्रस्ताव नं १२,** प्रदेश शिक्षकको थप तलव सम्बन्धमा ।

**प्रस्ताव नं १३,** राष्ट्रपति रनिङ शिल्डको जिल्ला व्यवस्थापन सम्बन्धमा ।

**प्रस्ताव नं १४,** ईन्द्रावती मा.वि. स्काउट व्यवस्थापन सम्बन्धमा।

**प्रस्ताव नं १५,** २०८२/०८३ को लागि संघीय समपुरक तथा विशेष अनुदान माग सम्बन्धमा ।

**प्रस्ताव नं १६,** अध्यक्ष प्राविधिक शिक्षा छात्रबृति वितरण कार्यविधि, २०८१ सम्बन्धमा ।

**प्रस्ताव नं १७,** भकारो सुधार कार्यक्रम व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०८१ सम्बन्धमा ।

**प्रस्ताव नं १८,** गाउँपालिका नर्सरी व्यवस्थापन कार्यक्रम तथा सञ्चालन कार्यविधि, २०८१ सम्बन्धमा ।

**प्रस्ताव नं १९,** खाद्य सुरक्षा कार्यक्रम तरुल खेती विस्तार कार्यक्रम व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २० सम्बन्धमा ।

**प्रस्ताव नं २०,** पालिका भवन आसपास व्यवस्थापन सम्बन्धमा ।

**प्रस्ताव नं २१,** योजना कार्यन्यनमा पालिकाको मेसिन प्रयोग सम्बन्धमा ।

**प्रस्ताव नं २२,** आरती पावर कम्पनी तथा मत्य्य तथा उर्जा प्रालिको राजश्व छुट सम्बन्धमा ।

**प्रस्ताव नं २३,** स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन सन्वन्धमा ।

**प्रस्ताव नं २४,** रेडियोग्राफरको तलव भत्ता सम्बन्धमा ।

**प्रस्ताव नं २५, RUSG** तालिममा विनियोजित बजेट रकमान्तर सम्बन्धमा ।

**प्रस्ताव नं २६,** जनिमत्र आ.वि. को विद्यालय निर्माण साझेदार रकम सम्बन्धमा ।

**प्रस्ताव नं २७,** श्रेया बालिवकास केन्द्रको रकम निकाशा सम्बन्धमा ।

**प्रस्ताव नं २८,** कुलुङ बोर्डिङ स्कुलको थप कक्षा सञ्चानल सम्बन्धमा ।

**प्रस्ताव नं २९,** गाउँपालिकाको सवारी साधन सञ्चालनमा देखीएको समस्या सम्बन्धमा ।

**प्रस्ताव नं ३०,** विविध सम्बन्धमा ।

## निर्णयहरु

### निर्णय नम्बर १ (एक)

प्रस्ताव नं. १, माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिकाको आ.ब. २०८१/८२ को हिउँदे अधिवेशन तथा १६ औं गाउँसभा २०८१ फागुन ०४ गते सञ्चालन गर्ने निर्णय गरियो ।

### निर्णय नम्बर २ (दुई)

प्रस्ताव नं. २, माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिकाको आ.ब. २०८१/८२ को हिउँदे अधिवेशनको लागि देहायको रकम सिमा निर्धारण गर्ने निर्णय गरियो ।

तपशील:

| क्र.सं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | इन्धन | ३०००,०००।- | |
| २ | विपद् | ५००,०००।- | |
| ३ | खेलकुद तथा शिक्षा | ४५८,०००।- | आइतबारे आवि. रु. २०८०००।- राष्ट्रपति रनिङ शिल्ड रु. २०००००।- इन्द्रावती मा.वि. स्काउट व्यवस्थापन रु. ५००००।- |
| ४ | गाउँपालिका कार्यालय बाहिरी भाग व्यवस्थापन | ५००,०००।- | |
| ५ | खाम्दाक भदौरे मोटरबाटो ट्र्याक ओपन | ९००,०००।- | साल्पासिलिछो ६ दोभाने । |
| ६ | तलव भत्ता | ७०००,०००।- | स्थायी तथा अस्थायी |
| ७ | १ नम्बर वडा कार्यालय भवन निर्माण | १५००,०००।- | |
| ८ | ४ नम्बर वडा कार्यालय भवन निर्माण | १५००,०००।- | |
| ९ | ६ नम्बर वडा कार्यालय भवन निर्माण | १५००,०००।- | |
| १० | वडा नं. २, ३ र ५ लाई | ३००००००।- | १० लाखको दरले |

### निर्णय नम्बर ३ (तीन)

प्रस्ताव नं. ३, माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिकाको इस्काईभेटर र व्याक हो लोडर सञ्चालन गर्नका लागि आ.ब. २०८१/०८२ को गाउँसभाबाट विनियोजन भएको इन्धनको शिर्षकको रकमबाट अपुग भएको हुनाले रु ३० लाख हिउँदे गाउँसभाबाट विनियोजन गर्ने निर्णय गरियो ।

## निर्णय नम्बर ४ (चार)

प्रस्ताव नं. ४, माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिकाको आ.ब. २०८१/०८२ मा पारित भएको राजश्वका दररेट फेरबदल गर्न आवस्यक भएको हुनाले राजश्व परामर्ष समितिबाट हिउँदे गाउँसभामा परिमार्जित राजश्वका दररेट सहित पेश गर्ने निर्णय गरियो । साथै जलविद्युत आयोजनाहरुलाई कोशी प्रदेश आर्थिक ऐन २०८१ अनुसार गाउँपालिका कार्यालयबाट राजश्व संकलन गर्ने निर्णय गरियो । यसैगरी लकडी (काठको) निकासी कर देहाय बमोजिम प्रस्ताव गरी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

| क्र.सं | विवरण | प्रस्तावित दर |
|---|---|---|
| १ | प्रति ट्याक्टर | ८००।०० |
| २ | ६ चक्के एल. पी. | २५००।०० |
| ३ | १० चक्के एल. पी. | ३०००।०० |

## निर्णय नम्बर ५ (पाँच)

प्रस्ताव नं. ५, माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिकाको आ.ब. २०८०/०८१ मा सम्प भएको कार्यक्रम तथा योजना साथै आ.ब. २०८१/०८२ को अर्धबार्षिक समिक्षा सहित २०८ फागुनको अन्तिम साता सार्वजनिक सुनुवाई गर्ने निर्णय गरियो ।

## निर्णय नम्बर ६ (छ)

प्रस्ताव नं. ६, माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिकाको आ.ब. २०८१/०८२ मा विपद व्यवस्थापन कोष तथा सम्बन्धीत शिर्षकमा विनियोजन भएको रकम नगुप भएको हुनाले गाउँपालिकाको समपुरक कोषबाट रु ५००,०००।०० गाउँपालिकाको विपद् व्यवस्थापनको लागि थप विनियोजन गर्ने निर्णय गरियो । यसैगरी गाउँपालिकाबाट देहायको व्यक्तिलाई आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

तपशील:

| क्र.सं. | नाम थर | ठेगाना | राहतको किसिम | रकम |
|---|---|---|---|---|
| १ | धर्मराज राई | वडा नं. ४ | पोष्ट मार्टम | २००००/- |
| २ | विर बहादुर बुढाथोकी | वडा नं. ३ | उपचार सहायता | २५०००/- |
| ३ | ईन्द्र बहादुर घले परिवार | वडा नं. ३ | उपचार सहायता | २५०००/- |
| ४ | रुद्र बहादुर खत्री | वडा नं. ३ | उपचार सहायता | १००००/ |
| ५ | पुर्ण धन राई | वडा नं. ३ | उपचार सहायता | २०००० |
| ६ | तारानाथ दाहाल | वडा नं. २ | बाँढी पिडित | ७०००/- |
| ७ | अर्जुन बि.क. | वडा नं. २ | लास ल्याउन | २००००/ |
| ९ | अनिल राई | वडा नं. ६ | बाँढी पिडित | ७०००/- |
| १० | राम चन्द्र कार्की/ | वडा नं. ६ | सुत्केरी सहायता | १०००० /- |
| ११ | डम्बर माया बिष्ट | वडा नं. ६ | उपचार सहायता हड्डी भाँचिएको | १०००० /- |
| १२ | विनिता तामाङ | वडा नं. ६ | सुत्केरी सहायता | १०००० - |
| १३ | मुना राई | वडा नं. १ | उपचार सहायता | १०००० / |

| | | | | |
|---|---|---|---|---|
| | | | मुटुरोगी | |
| १४ | धनमाया राई | वडा नं. ३ | मुटुरोगी | १०००० /- |
| १५ | टेक बहादुर राई | वडा नं. ३ | क्यान्सर | १०००० /- |
| १६ | कुन्ती माया अधिकारी | वडा नं. ३ | मुटुरोगी | १०००० /- |
| १७ | जुना कार्की | वडा नं. ३ | मुटुरोगी | १०००० /- |
| १८ | गोकर्ण राई | वडा नं. ४ | मुटुरोगी | १०००० /- |
| १९ | रुघु प्रसाद राई | वडा नं. ३ | मस्तिस्क पक्षघात | २०००० /- |
| २० | जोसन कुलुङ | वडा नं. ३ | फ्याक्चर | १०००० /- |

### निर्णय नम्बर ७ (सात)

प्रस्ताव नं. ७, माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिकाका आ.ब. २०८१/०८२ मा विनियोजन भएको योजना अनुसार केही योजनाहरुको नाममा समस्या उत्पन्न भएको हुनाले यस्ती समस्या उत्पन्न भएका योजनाहरुको नामको बारेमा सम्बन्धीत वडा कार्यालयको निर्णय सहित आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

### निर्णय नम्बर ८ (आठ)

प्रस्ताव नं. ८, माथि छलफल गर्दा कर्मचारी कर्मचारी प्रोत्साहन भत्ताको बारेमा संस्थागत विकास तथा शुसासन समितिबाट आवस्यक निर्णय सहित प्रोत्साहनको दर र प्रोत्साहनको मापदण्ड सहित आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

### निर्णय नम्बर ९ (नौं)

प्रस्ताव नं. ९, माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिका कार्यालयको गाउँपालिका प्रशासनिक भवन (सरस्वति गिरी राई स्मृति सभाहल) को लागि ठेक्का सम्झौता अनुसार निर्माण कार्यको लागि रकम अपुग भएको भनि निर्माण कम्पनी तथा गाउँपालिका प्राविधिक शाखाबाट जानकारी भएको हुनाले उक्त आयोजनाको बिषयमा गाउँपालिकाको पूर्वाधार विकास समितिबाट आवस्यक प्रतिवेदन सहित आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

### निर्णय नम्बर १० (दश)

प्रस्ताव नं. १०, माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिकाको बहुवर्षिय योजना अन्तर्गत याक्शा नागदह मोरएवल पुलको लागि गाउँपालिका कार्यालय र Bikash Brothers/Aatreya/Saras J.V. नयाँ बानेश्वर काठमाण्डौं संग भएको निर्माण सम्झौताको निर्माण अवधी आजको मितिले ३ महिनाको लागि म्याद थप गर्ने निर्णय गरियो ।

### निर्णय नम्बर ११ (एघार)

प्रस्ताव नं. ११, माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिकाको बिरामीहरुलाई मध्यनजर गरी एम्बुलेन्स अति आवस्यक भएको हुनाले गाउँपालिका कार्यालयको मातहतमा रहनेगरी खरिद गर्न गुराँस हाईड्रो पावर कम्पनी सम्पर्क कार्यालय साल्पासिलिछो १ कुलुङ वेइखुवा लाई अनुरोध गर्ने निर्णय गरियो ।

## निर्णय नम्बर १२ (बाह्र)

प्रस्ताव नं. १२, माथि छलफल गर्दा यस साल्पासिलिछो गाउँपालिका वडा नं. ६ थुम्लुङ स्थित आइतबारे आ.वि. मा प्रदेश सरकारबाट व्यवस्थापन भएको शिक्षकको तलब व्यवस्थापनको लागि प्रदेश र स्थानीय सरकारको साझेदारीमा व्यवस्थापन हुँदै आएकोमा हाल प्रदेश सरकारबाट आउने अनुदान कटौती भएकाले त्यसलाई व्यवस्थापन गर्न यस आर्थिक बर्षमा अपुग भएको रकम रु २०८०००।०० (अक्षरेपी दुई लाख आठ हजार मात्र) हिउँदे गाउँसभाबाट विनियोजन गर्ने निर्णय गरियो ।

## निर्णय नम्बर १३ (तेह्र)

प्रस्ताव नं. १३, माथि छलफल गर्दा आ.ब. २०८१/०८२ को गाउँसभाबाट विनियोजन भएको रकम रु. ३०००००।०० (अक्षरेपी तीन लाख मात्र) स्थानीय स्तरमा राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता व्यवस्थापन गर्नु पर्ने र जिल्ला स्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता २०८१ व्यवस्थापन गर्न आ.ब. २०८१/०८२ मा विनियोजन भएको रकम अपुग हुने हुँदा त्यसलाई व्यवस्थापन गर्न हिउँदे अधिवेशनबाट रु.२००,०००।०० (अक्षरेपी दुई लाख मात्र) निनियोजन गर्ने निर्णय गरियो ।

## निर्णय नम्बर १४ (चौंध्र)

प्रस्ताव नं. १४, माथि छलफल ईन्द्रावति माध्यमिक विद्यालय साल्पासिलिछो ५ रातमाटेको स्काउट व्यवस्थापन गर्नका लागि २०८१/०८२ को गाउँसभाबाट विनियोजन भएको रु ५००००।०० (पचास) हजारले स्काउट व्यवस्थापनको लागि अपुग भएको हुनाले आगामी हिउँदे गाउँसभाबाट रु. ५०,०००।०० (पचास हजार मात्र) विनियोजन गर्ने निर्णय गरियो ।

## निर्णय नम्बर १५ (पन्ध्र)

प्रस्ताव नं. १५, माथि छलफल गर्दा आ.ब. २०८२/०८३ को लागि यस गाउँपालिकाबाट देहायको योजनाको माग गर्ने निर्णय गरियो ।

**संघीय समपुरक अनुदान तर्फः**

| क्र.सं. | योजना/आयोजनाको नाम | क्षेत्र | ठेगाना | कुल बजेट | संघीय समपुरक अनुदान | गाउँपालिका |
|---|---|---|---|---|---|---|
| १ | याक्सा नागदह मोटरएवल पुल (क्रमागत) | पुर्वाधार | वडा नं. ४ | ५ करोड ५० लाख | २ करोड ७५ लाख | २ करोड ७. लाख |
| २ | गाउँपालिका आधारभुत अस्पताल (क्रमागत) | शुसासन | वडा नं. ३ | ७ करोड | ३ करोड ५० लाख | ३ करोड ५० लाख |
| ३ | गोथेबजार वेइखुवा खोला मोटरएवल पुल | पूर्वाधार | वडा नं. ४ | ५ करोड | २ करोड पचास लाख | २ करोड पचास लाख |

संघीय विशेष अनुदान तर्फः

| क्र.सं. | योजना/आयोजनाको नाम | क्षेत्र | ठेगाना | रकम |
|---|---|---|---|---|
| १ | कुलुङ-अग्राखे खानेपानी आयोजना | खानेपानी | साल्पासिलिछो वडा नं. १ र २ कुलुङ | ३ करोड |
| २ | गौडेनी घुमाउने चौतार-सहकारी मोटरबाटो स्तरउन्नती | पूर्वाधार | साल्पासिलिछो वडा नं. १ र २ कुलुङ | ३ करोड |
| ३ | चौकीडाँडा-ताँबुटार मोटरबाटो स्तरउन्नती | पूर्वाधार | वडा नं. ३ र ४ | ३ करोड |

## निर्णय नम्बर १६ (सोह्र)

प्रस्ताव नं. १६, माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिकाको **अध्यक्ष प्राविधिक शिक्षा छात्रबृति वितरण कार्यविधि, २०८१** लाई आवस्यक परिमार्जन सहित पारित गर्ने निर्णय गरियो ।

## निर्णय नम्बर १७ (सत्र)

प्रस्ताव नं. १७, माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिकाको **भकारो सुधार कार्यक्रम व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०८१** लाई आवस्यक परिमार्जन सहित पारित गर्ने निर्णय गरियो ।

## निर्णय नम्बर १८ (अठार)

प्रस्ताव नं. १८, माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिकाको **नर्सरी व्यवस्थापन कार्यक्रम सञ्चालन कार्यविधि, २०८१** लाई आवस्यक परिमार्जन सहित पारित गर्ने निर्णय गरियो ।

## निर्णय नम्बर १९ (उन्नाईस)

प्रस्ताव नं. १९, माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिकाको **खाद्य सुरक्षा कार्यक्रम** तरुल **खेती विस्तार कार्यक्रम** व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०८१ लाई आवस्यक परिमार्जन सहित पारित गर्ने निर्णय गरियो ।

## निर्णय नम्बर २० (बीस)

प्रस्ताव नं. २०, माथि छलफल गर्दा गाउँपालिका कार्यालय भवनको आसपासको क्षेत्रको व्यवस्थापनको लागि रु.५०००००।- बजेटको व्यवस्था गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

## निर्णय नम्बर २१ (एक्काईस)

प्रस्ताव नं. २१, माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिकाद्धारा सञ्चालित योजना तथा निर्माण सम्बन्धी आयोजनाहरुमा मेसिन (इस्काईभेटर जेसिवी) प्रयोग गर्नु पर्ने भएमा सकेसम्म गाउँपालिकाको मेसिन प्रयोग गर्नु पर्नेछ । यस गाउँपालिकाको मेसिनले प्रयोग हुन नसक्ने भएमा खण्डमा गाउँपालिका कार्यालयको स्वीकृतीमा गाउँपालिका कार्यालयमा डोजर सुचीकृत गरी गाउँपालिकाले तोकेको दररेट अनुसार सञ्चालन गर्नु पर्नेछ ।

## निर्णय नम्बर २२ (बाईस)

प्रस्ताव नं. २२ माथि छलफल गर्दा आरती पावर कम्पनी लिमिटेडले साल्पासिलिछो गाउँपालिका वडा नं. ३ र ४ मा जलविद्युत आयोजनाको निर्माण कार्य गरिएको हुनाले उक्त आयोजना व्यवस्थापन गर्नका लागि आवस्यक पर्ने जग्गा खरिद गर्नका लागि नेपाल सरकार, कोशी प्रदेश सरकारको मिति २०८१/०३/१३ गते प्रकाशित कोशी प्रदेश राजपत्रको खण्ड ८ भाग १ को ६ विविध को नं. २ मा उल्लेख भए अनुसार जग्गा खरिदको लिखत पारित गर्दा सोमा लाग्ने शुल्कमा ५० प्रतिशत छुटका लागि सम्बन्धीत कार्यालयमा सिफारिस गर्ने निर्णय गरियो ।

यसैगरी मत्स्य तथा उर्जा प्रा.लि. टोखा ७ काठमाण्डौले यस गाउँपालिकाको वडा नं. ३ र ४ मा कृषि कार्यको लागि आवस्यक पर्ने जग्गा खरिद गर्नका लागि नेपाल सरकार, कोशी प्रदेश सरकारको मिति २०८१/०३/१३ गते प्रकाशित कोशी प्रदेश राजपत्रको खण्ड ८ भाग १ को ६ विविध को नं. २ मा उल्लेख भए अनुसार जग्गा खरिदको लिखत पारित गर्दा सोमा लाग्ने शुल्कमा ५० प्रतिशत छुटका लागि सम्बन्धीत कार्यालयमा सिफारिस गर्ने निर्णय गरियो ।

## निर्णय नम्बर २३ (तेइस)

प्रस्ताव नं. १, माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिकाको आ.ब. २०८१/८२ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन प्रतिवेदनको आधारमा प्राप्त ८५ अंक सार्वजनिक गर्ने निर्णय गरियो ।

## निर्णय नम्बर २४ (चौविस

प्रस्ताव नं. १, माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिका वडा नं. २ को स्वास्थ्य चौकी कुलुङमा कार्यरत रोडियोग्राफरको तलव नेपाल सरकारको पाँचौ तहको तलवमान अनुसार तल्व दिने निर्णय गरियो ।

## निर्णय नम्बर २५ (पचीस)

प्रस्ताव नं. १, माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिकाको आ.ब. २०८१/०८२ मा RUS तालिमको लागि विनियोजन भएको रु १००,०००।०० (अक्षरेपी एक लाख मात्र) लाई रकमान्तर गरी स्वास्थ्य चौकी कुलुङमा भिडियो एक्स-रे सञ्चालन तथा व्यवस्थापनका लागि खर्च गर्ने निर्णय गरियो ।

## निर्णय नम्बर २६ (छब्बिस)

प्रस्ताव नं. २६ माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिका कार्यालय, जनमित्र आ.ब. साल्पासिलिछो गा.पा. ६ याङ्मा र युनाईटेड वल्ड स्कुलको साझेदारीमा जनमित्र आ.वि.को भवन निर्माणको कार्यभएकोमा प्राविधिक मुल्यांकनको आधारमा दिनुपर्ने विद्यालय स्वयम्ले व्यहोर्नु पर्ने सम्झौता भएतापनि विद्यालयको आर्थिक स्थिति कमजोर तथा योजना तथा कार्यक्रम अनुसार जनश्रमदान कम भएको हुँदा उक्त रकम गाउँपालिकाको समपुरक कोषबाट रु ९०००००।०० (अक्षरेपी नौ लाख रुपैया मात्र) भुक्तानी दिने निर्णय गरियो ।

## निर्णय नम्बर २७ (सत्ताईस)

प्रस्ताव नं. २७ माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिकाको आ.ब. २०८१/०८२ मा श्रेया बालविकास केन्द्र साल्पासिलिछो गाउँपालिका वडा नं. ६ बागबालुङको शिक्षकको तलब व्यवस्थापनका लागि विनियोजन भएको रु १९५०००।०० निकाशा हुन बाँकी रहेको हुनाले सम्पुर्ण रकम विद्यालयको खातामा निकाशा दिने निर्णय गरियो ।

## निर्णय नम्बर २८ (अठ्ठाईस)

प्रस्ताव नं. २८ माथि छलफल गर्दा कुलुङ इङ्लिस बोर्डिङ स्कुल साल्पासिलिछो गाउँपालिका वडा नं. १ कुलुङले यस गाउँपालिका कार्यालयमा दिएको निवेदन अनुसार सो विद्यालयलाई कक्षा ६ सञ्चालनको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

## निर्णय नम्बर २९ (उन्तीस)

प्रस्ताव नं. २९ माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिका कार्यालयको मातहतका रहेको सवारी साधन सञ्चालनमा विभिन्न प्रकारका टिकाटिप्पणी आएको हुनाले सवारी साधन सञ्चालन तथा मर्मतका सम्बन्धमा छनविन गर्नका लागि साल्पासिलिछो गाउँपालिकाको संस्थागत विकास तथा सुशासन विकास समितिमा संयोजक एवं वडा नं. १ का वडाध्यक्ष गणेश बुढाथोकीको संयोजकत्वमा ३ सदस्यीय छानविनस समिति गठन गर्ने निर्णय गरियो । छानबिन समितिले १५ दिन भित्रमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

तपशील:

| क्र.सं. | नाम थर | पद |
|---|---|---|
| १ | श्री गणेश बुढाथोकी -वडाध्यक्ष वडा नं. १ | संयोजक |
| २ | श्री विनोद राई -वडाध्यक्ष वडा नं. २ | सदस्य |
| ३ | श्री हरिलाल भुसाल -सहायक पाँचौं | सदस्य-सचिव |

## निर्णय नम्बर ३० (तीस)

प्रस्ताव नं. ३० माथि छलफल गाउँपालिकाको मुख्य सडक मार्गमा पछिल्लो समय सवारीका चाप बड्नका साथै ठुला-ठुला सवारी साधन सञ्चालनमा आउन थालेको र साल्पासिलिछो गाउँपालिकाको मुख्य सडकमार्ग हुदै अन्तर जिल्ला जाने यस गाउँपालिकाको विभिन्न क्षेत्रमा जलविद्युत आयोजनाहरुको निर्माण कार्य भईरहेको यसैगरी किमाथान्का नाका र साेलु सगरमाथा जाने मुख्य सडकमार्ग भएको हुनाने उक्त बिषयलाई मध्यनजर गरी गाउँपालिका भित्रको मुख्य सडक मार्गको चौडाई नाली पेटी बाहेक न्युनतम ८ मिटर कायम गर्ने निर्णय गरियो ।

- यसैगरी साल्पासिलिछो गाउँपालिका-२ वडा कार्यालय देखी ठोटनेरी हुँदै पागोताल देउराली तामलुङ संखुवासभा सिमानासम्मको सडक मार्गको चौडाई नाली पेटी सहित न्युनतम ७ मिटर कायम गर्ने निर्णय गरियो ।